# सन्राइज बैंक लिमिटेडको
# चौथो बार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :

सन्राइज बैंक लिमिटेडको मिति २०६८ मंसिर २३ गते बसेको संचालक समितिको ९४ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको चौथो वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री मोतीलाल दुगडज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय :

मिति : २०६८ पौष २९ गते (तद्नुसार १३ जनवरी, २०१२) शुक्रबार
स्थान : अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौ ।
समय : अपरान्ह ३:०० बजे (हाजिरी दिउसो १:३० बजे देखि अपरान्ह ४:०० बजे सम्म)

## ३. उपस्थिति :

### सञ्चालकहरुको उपस्थिति :

(क) श्री मोतीलाल दुगड - अध्यक्ष
(ख) डा. भोगेन्द्र कुमार गुरागाई - सञ्चालक
(ग) ई. बच्छराज तातेड - सञ्चालक
(घ) श्री श्रवण कुमार गोयल - सञ्चालक
(ङ) श्री मालचन्द दुगड - सञ्चालक
(च) श्री सुरेश कुमार वस्नेत - सञ्चालक/लेखापरिक्षण समितिका अध्यक्ष
(छ) श्री हिक्मत बहादुर माली - सञ्चालक

बैंकका सञ्चालक श्री श्रीनिवास शारदाज्यु कमजोर स्वास्थ्य स्थितीको कारण साधारण सभामा उपस्थित हुन नसक्ने व्यहोरा अध्यक्षज्यू मार्फत साधारण सभालाई जानकारी गराई अनुपस्थित रहनु भएको थियो ।

### पदाधिकारीहरुको उपस्थिति :

(क) श्री सुरेन्द्रमान प्रधान - प्रमुख कार्यकारी अधिकृत
(ख) श्री आशा अधिकारी - नायब महाप्रबन्धक
(ग) श्री रविन नेपाल - मुख्य प्रबन्धक
(घ) श्री कमल गौतम - मुख्य प्रबन्धक
(ङ) श्री अरुण पराजुली - वरिष्ठ प्रबन्धक
(च) श्री टिका भट्टराई - कम्पनी सचिव

### पर्यवेक्षकहरूको उपस्थिति :

(क) श्री महेश खनाल - एम. खनाल एण्ड कम्पनी, लेखापरिक्षक
(ख) श्री सुनिर ढुंगेल - सिएससी एण्ड कम्पनी, आन्तरिक लेखापरिक्षक

### शेयरधनीहरुको उपस्थिति :-

(क) स्वयं उपस्थित - ६०७ जना
(ख) प्रतिनिधीपत्रद्वारा उपस्थित - २७ जना

## ४. सभाको सुचना :

चौथो वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संचालक समितिको प्रतिवेदन, आ.ब. २०६७/६८ को बार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको बार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनुभएको ठेगानामा पठाउनुका साथै सोही व्यहोराको सूचना प्रथम पटक मिति २०६८ मंसिर २८ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित भएको थियो भने सो पछि मिति २०६८ पौष १४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक र मिति २०६८ पौष २६ गतेको अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गर्नुका साथै बैंकको वेब साईट www.sunrisebank.com.np मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सुचित गरिएको थियो ।

## ५. सभामा भएका छलफलका विषयहरु :

### क. सामान्य प्रस्तावहरु :

१. अध्यक्षज्यूको मन्तव्य तथा आर्थिक बर्ष २०६७/६८ को संचालक समितिको प्रतिवेदन छलफल गरि पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.ब. २०६७/६८ को नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचिहरु छलफल गरी पारीत गर्ने ।
३. संस्थापक शेयरधनी समूह (क) को उपसमूह (१) अन्तर्गत रिक्त सञ्चालक पदमा नियुक्त हुनु भएका सञ्चालक श्री मालचन्द दुगडको नियुक्ती बाँकी कार्यकाल सम्मका लागि अनुमोदन गर्ने ।
४. आर्थिक बर्ष २०६८/६९ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
(वर्तमान लेखापरीक्षक एम.खनाल एण्ड कं. पुनः नियुक्त हुन योग्य रहेको ।)
५. सञ्चालक समितिले सिफारिस गरे बमोजिम रु. ८,०६,००,०००.०० अर्थात चुक्ता पुंजीको ४ प्रतिशतका दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

### ख. विशेष प्रस्तावहरु :

१. बैंकले अन्य स्वदेशी वा विदेशी बैंक तथा वित्तिय संस्थालाई/संग मर्ज गर्ने/गराउने वा संयुक्त लगानी (जोइण्ट भेञ्चर) मा जाने सम्बन्धमा सञ्चालक समितिलाई सम्पूर्ण अधिकार प्रदान गर्ने ।

### ग. विविध :

## ६. गणपुरक संख्या, सभाको बैधानिकता :

| कुल शेयधनीको संख्या | जम्मा उपस्थित संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| ७९,४३४ (क-ख समुह) | ६३४ | १,२४,३१,८२३ | ६१.७०% |

सर्वप्रथम कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धि सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए

बमोजिम सभामा ५० प्रतिशतभन्दा बढी ६१.७० प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्याको पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

## ७. सभाको सभापतित्व र सभा संचालन :

आजको यस सभाको अध्यक्षता/सभापतित्व गरी दिन कम्पनि सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम १९ को उपनियम (१) अनुरुप सञ्चालक समितिका अध्यक्ष श्री मोतीलाल दुगडज्यूलाई अनुरोध गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापति श्री मोतीलाल दुगडज्यूले बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै सभाको काम कार्वाही अगाडि बढाउनु भयो ।

## ८. अध्यक्षको प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति श्री मोतीलाल दुगडज्यूले आफ्नो मन्तव्य पढेर सुनाई सकेपछि सञ्चालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको मिति २०६८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.ब. २०६७/६८ को नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण छलफलका लागि सभामा प्रस्तुत गर्नुभयो ।

## ९. बार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :

छलफलको क्रममा भाग लिने निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

**१. अमृतनाथ रेग्मी**

- बैंकले Debenture Strategy ल्याएको भए सुनमा सुगन्ध हुन्थ्यो ।
- बैंकको Total deposit र Fund exchange component असाध्यै कमी छ, Fund exchange component बढाउन बैंकले मार्केटिङ्ग गर्नुपर्छ ।
- Loan को Portfolio, real र personal loan partfolio 25% छ, जुन National structure बाट हेर्दा 20% हुनु पर्छ । हाल केन्द्रिय बैंकले पनि 20% गर्नुपर्छ भन्ने नियम ल्याएको छ ।
- चलिस करोडको हाराहारीमा कमाउने Company हरुको दाजोमा हामी समकक्ष नै छौं । हामीले रु. एक अरब बयानब्बे करोड Total Interest कमाएका छौ, हाम्रो समकक्षीहरुले सवा दुई अरब सम्म कमाएका छन्, अझ हामीले Total Interest मा 30, 35 करोड कमाउनु पर्ने देखिन्छ ।
- ROE मा Comment गर्ने ठाउँ नै छैन् । केवल एउटा चन्द्रमाको दाग जस्तो LLP ले लगाएको छ । त्यसकारणले Quality of Assets लाई याद गर्नुपर्छ ।
- राष्ट्र बैंकले KYC भनेको छ तर म म्यानेजमेन्ट र संचालकलाई KYS (Know Your Shareholder) भन्न चाहान्छु, यदि यस्तो भयो भने Undistributed dividend warrant रहदैन ।

**२. इन्द्र कृष्ण श्रेष्ठ**

- सन्राइज बैकको नाफामा गत बर्षको भन्दा कमि आएको छ । संगै जन्मेका अरु बैकहरुले शेयरधनीहरुलाई १२% सम्म लाभांश दिएकोमा यस बैंकले ४% मात्र दिएको छ । यो ज्यादै कम हो । अर्को साल धेरै लाभांश पाउने आशा गर्दछ ।

- बैंकका कुल कर्मचारीहरु मध्ये महिला र पुरुष कर्मचारीहरुको संख्या छुट्टाएको भए राम्रो हुनेथियो ।

**३. व्यास कुमार शर्मा**

- बैंकले अघिल्लो आर्थिक वर्षको नाफाबाट र समायोजनबाट समेत शेयरधनीहरुलाई सहानुभुती स्वरुप ४% लाभांश दिएकोमा संचालक समितीलाई धन्यवाद दिन चाहान्छु ।
- अबका दिनमा बैकले छुट्टै sale खडा गरेर भएपनी Quality Lending मात्र नभएर Portfolio Management तर्फ समेत ध्यान दिनु पर्छ ।
- अबका दिनमा बैकले Low cost को खोजी गरी आफ्नो Operating Cost लाई घटाउदै लग्नुपर्ने आवश्यक ठानेको छु ।
- Non funded Business तर्फ पनि ध्यान दिनुपर्‍यो । अबका दिनमा बिप्रेषण सेवा लगायत अन्य Commission Service हरुलाई बढाउदै लग्नुपर्‍यो ।
- बैंकका कर्मचारीलाई थप सहुलियत दिएर Maximum प्रयोग गर्ने रणनिती अपनाउनु पर्छ भन्ने ठानेको छु ।

**४. उद्दब राज घिमीरे**

- लगानीको प्रतिफल ४% अहिलेको Market अनुसार स्वागत योग्य नै रहेपनि अर्को बर्ष गम्भीरता पुर्वक सोची Two Digit मा ल्याउनु पर्छ ।
- Balance Sheet मा Pi-chart, Bar Chart, Vertical Chart मा Opening Profit र Net Profit छुट्टाएर राख्नु राम्रो हुन्छ ।
- Merger Process लाई तिब्रताका साथ अगाडि बढाई International Commercial Bank सँग गाभ्नको लागि पहल गर्न अनुरोध गर्दछु ।

**५. श्रीकृष्ण कस्यप**

- ४% नगद लाभांश दिएकोमा धन्यवाद, कम्तीमा १०% घटाएर लाभांश ख्वाउनु हुदैन् ।
- बैंकले अन्तराष्ट्रिय स्तरको बैंकिङ्ग सफ्टवेयर T 24 संचालनमा ल्याएकोमा खुसी लागेको छ ।
- प्रमुख कार्यकारी अधिकृत नेपाल राष्ट्र बैकबाट ख्याती कमाईसकेको व्यक्ति भएकाले बैकलाई माथि उठाउनुपर्‍यो ।

**६. अशोक कुमार उप्रेति**

- कुनै पनि बैंकको लागि ४ वर्षको समय Analysis गर्न योग्य समय होइन् ।
- नेपालमा कुनैपनि क्षेत्रमा पत्र पत्रिकाहरुमा आएका बिचारहरुमाथि खण्डन गर्ने परिपाटी नभएको बेलामा बैंकको बारेमा जथाभावी सूचना छापिएको पत्रिकामा बैंकले खण्डन गरेकोमा धन्यवाद दिन चाहन्छु ।
- बैक साधारण शेयरधनीहरुको भएकाले यसको सम्पूर्ण क्षेत्रमा अर्थात नाफा, नोक्सानमा हाम्रो हक भएकाले शेयरधनीहरुले चासो लिनुपर्ने देखिन्छ ।
- बैक ४ बर्षको मात्र भएकाले जति जति वर्षहरु बढ्दै जान्छ, हाम्रो लगानीको प्रतिफल त्यसै अनुसार बढ्नु पर्छ ।

**७. मेजर कुबेर श्रेष्ठ**

- बैंकको साधारण सभा निक्कै ढिलो भएकाले आगामी बर्षदेखि चाँडै गर्न अनुरोध गर्दछु ।

- चार वर्षमा १४ अरब रुपैया बैंकमा राख्दा कम्तिमा १ अरब रुपैया मात्र भएपनि व्याजमा आउँछ, तर यहाँ ४% मात्र लाभांश ज्यादै कम भयो ।
- बैकमा निक्षेप घटेको देखिएको हुँदा सो को कारण पत्ता लगाई सुधारका लागि पहल गर्न आग्रह गर्दछु ।
- Earning Per Share अघिल्लो आर्थिक बर्षको भन्दा कम हुन गएको छ ।
- आगामी बर्ष खराब कर्जा असुल गरेर बैंकको उन्नती र प्रगती होस भन्न चाहान्छु ।

## ८. शिव प्रसाद शर्मा

- यो सालको लाभांश नगन्य भएकाले आगामी वर्ष लगानी उठाएर कम्तीमा १५ देखि २० प्रतिशत सम्म लाभांश प्रदान गर्न अनुरोध गर्दछु ।
- Income and Expenditure हेर्दा आम्दानीको तुलनामा खर्च बढी देखिन्छ । ४ वटा शाखाहरु नयाँ खोलेकाले खर्च बढेको भए, शाखा अनुसार छुट्टाछुट्टै नाफा तथा नोक्सानहरु माथि Supervision गर्दै Analysis गर्नुपर्‍यो ।
- बैकको कर्मचारी संख्या ४७१ पुगेकोमा Right Person at Right Place अनुसार कर्मचचारी राखेमा राम्रो प्रतिफल प्राप्त हुन्छ ।
- राम्रो सुशासन तर्फपनि ध्यान दिनुप-यो ।

## ९. डमरुबल्लभ घिमीरे

- शेयरधनीहरुको सुझाव अनुसार साधारण सभाको राम्रो व्यवस्थापन गरि शेयरधनीहरुलाई सम्मान गरेकोमा धन्यवाद दिन चाहान्छु ।
- हामी शेयरधनीहरुले हाम्रो लाभांश कम भयो भन्यौं । तर आगामी वर्ष बैकले गरेका सम्पूर्ण Provision आएमा हामीले यहाँबाट राम्रो Return पाउने स्थिती छ ।
- हामिले बैकका कर्मठ कर्मचारीहरुको कार्यलाई Analysis गरेर धन्यवाद पनि दिनुपर्दछ ।
- बैंकको साधारण सभा कम्तीमा असोज महिना भित्रमा सम्पन्न गरिसक्न अनुरोध गर्दछु ।
- बार्षिक प्रतिवेदनमा ०.५% शेयरधनीहरुको सूचि दिइएको हरेछ । यो राम्रो पक्ष हो । तर यसमा संथापक र सर्वसाधारण समुह गरि छुट्टाउनु अझ राम्रो हुने थियो ।

## १०. रोज कुमार श्रेष्ठ

- बैकको Internal Audit सक्रिय नभएको अवस्था छ, Internal Audit र External Audit मा Tax Provision को कारण १९१% फरक परेको छ, अरुमा सामान्यतया २ वा ३ प्रतिशत मात्र फरक देखिन्छ ।
- अन्य बैकको तुलानामा यस बैकका कर्मचारीहरु बढी सक्षम रहेको, जसका कारण भविश्यमा बैकले U turn लिन्छ भन्ने विश्वास लिइएको छ ।

## ११. जयन्द्र सिं वानिया

- Balance sheet को आधारमा गत वर्षको दाजोमा केहि कमी आएको अवस्था छ, सायद देशको अबस्था पनि हो, गत ३ महिनामा व्यवस्थापनले चासो देखाएको कारणले अलि सुधार भएको देखिन्छ ।
- Deposite गत वर्षको तुलनामा घटेको पाइएको हुँदा सो बढाउने तर्फ बिचार गर्नु पर्छ ।
- गतवर्षको तुलनामा बैंकको खुद मुनाफा घटेको र सोका लागि खराब कर्जा मुख्य समस्या देखिएको हुँदा सो तर्फ बिचार गर्नु पर्छ ।
- गत वर्षका तुलनामा कुल ग्राहक संख्या बृद्धि भएकाले आगामी वर्ष कारोवार बढ्ने संकेत देखाएको छ ।

- बैंकको चल्ति खातामा निक्षेप गत बर्षको भन्दा घटेको छ । आम्दानीको Resources हरु अगाडी बढाउन बिभिन्न Deposit हरु कसरी परिचालन गर्ने भन्ने सोच्नु आवश्यक देखिन्छ ।
- बैकले Foreign Currency, LC आदिमा त्यती प्रगती गरेको देखिदैन । यसलाई आगामी दिनहरुमा कसरी बढाउन सकिन्छ भन्ने वारे सोच्नु नितान्त आवश्यक देखिन्छ ।

**१२. महेन्द्र बहादुर श्रेष्ठ**

- ४ वर्षको अबधिमा ४% लाभांश ज्यादै कम भयो, आगामी वर्ष १५ देखि २०% सम्म बढाउनु पर्‍यो ।
- Bank र वित्तिय संस्थाहरु धरासाही भएको अबस्थामा Merger को सम्बन्धमा अध्ययन गर्नु पर्‍यो ।
- लाभांश लिन बाँकी रहेका शेयरधनीहरुको शुन्य Balance मा खाता खोली त्यही जम्मा गर्ने व्यबस्था गर्नु पर्‍यो ।

**१३. नरसिंहलाल चंखु**

- बैंकले उच्चतम संस्थागत सुशासन कायम राख्ने तर्फ ध्यान दिनु पर्छ ।
- क्यमेल रेटिङ र क्यामेल फ्रेमवर्कको मार्गतिर ध्यान दिनु पर्छ ।
- समस्या जाहापनि हुन्छ । जुन ठाँउमा समस्या छ, त्यसलाई पहिल्याएर नयाँ नयाँ कार्य योजनाहरुद्धारा समाधान गर्नु र अवसरहरुलाई पहिचान गरि Strength हरुबाट अगाडी बढ्नु पर्छ ।
- Share Capital ठिक ठाउँमा छ । Deposit लाई बढाउनु पर्‍यो । कर्मचारीको इच्छाहरुलाई Management ले हेर्नु पर्‍यो ।
- Share को Rate तल झरिरहेको अवस्थालाई पनि ध्यानदिनु पर्‍यो ।

**१४.लव राज जोशी**

- AGM को भिडभाडमा ३ बजे गरेर शेयरधनीहरुलाई राहत प्रदान गरेकोमा धन्यबाद ।
- बैंकको वित्तिय विवरणलाई राष्ट्र बैंकले मंसिर १९ गते नै स्विकृत प्रदान गरेकोमा साधारण सभा गर्न किन ढिला भएको हो । आगामि बर्षहरुमा साधारण सभा चाँडै गर्न प्रयास गर्नु पर्‍यो ।
- ४७ शाखाहरु मध्ये कुन कुन शाखाले नाफा कमाएको छ, कुन ठाउँमा के को महत्व छ, सो बुझी सोहि अनुसार लगानी गर्नु पर्‍यो ।
- Liquidity Crisis छ, नयाँ योजनाहरु ल्याएर Capital Mobilize गर्नुपर्ने स्थिती छ ।
- जबसम्म Saving Account hold गर्न सक्दैनौं, तबसम्म Deposit स्थिर रहँदैन ।
- Staff लाई बिभिन्न तालिम दिएर उनीहरुको मनोवल बढाउनु पर्ने हुन्छ । How to deal to Customer भन्ने सिकाउनु पर्छ । Banking sector को प्रतिस्पर्धा भएको बेलामा Customer लाई सन्तुष्टि दिनसक्नु पर्‍यो ।
- सहज स्थितीमा सबैले कार्य गर्न सक्छन्, तर असहज स्थितिमा कार्य गरि सफलता पूर्वक सम्पन्न गर्दा नै बैंक व्यवस्थापनको सक्षमता र कार्यकुशलता प्रष्ट हुन्छ ।

**१५. नारायण सुन्दर श्रेष्ठ**

- Bank को लक्ष्यलाई समष्टीगत रुपमा बिश्लेषण गरेर अगाडी जानुभन्दा पहिले अहिलेको स्थितीलाई बुझ्नु पर्ने देखिन्छ ।

- Investor ले पाउनुपर्ने लगानीको अनुपातको उचित Return नआउनु, नेपाल राष्ट्र बैंकको Company खोल्न स्विकृत दिने तर धेरै भए पछी Merger को स्थिती र कारवाहीको सीलसिलाले गर्दा Investor लाई ठूलो समस्या आएको छ ।
- CEO Appoint गर्दा खल्तीबाट ल्याउने किसिमले ल्याउनु भएन । साधारण सभाले पनि चिन्न सक्ने गरी कम्तीमा २ वा ३ जानाको नाम ल्याएर छनौट गर्ने परिपाटिको विकास गरिनु पर्छ ।
- सामान्य प्रस्तावहरुमा लेखापरिक्षकको नियुक्त सम्बन्धमा वहालवाला लेखापरिक्षक पुनः नियुक्ति हुन योग्य हुनुहुन्छ भनिएकोमा नियुक्ती हुन योग्य वा अयोग्य भन्दा पनि सक्षम वा असक्षम भन्ने कुरामा बढी ध्यान दिनु पर्छ ।

## सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तरको प्रस्तुतिकरण :

**सभापतिज्यूको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुरेन्द्रमान प्रधानज्यूले दिनु भएको समुहगत जवाफ :**

यस सन्राईज बैंकको चौथो बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सभापतीज्यू, संचालकज्यूहरु, प्रतिष्ठित शेयरधनी महानुभावहरु र मेरा सहकर्मी साथीहरु । शेयरधनीहरुले बैंक संचालनका विविध विषयहरुमा व्यक्त गर्नु भएका रचनात्मक सुझाव तथा बैंकको क्रियाकलाप सम्बन्धि आर्थिक विवरणको सुक्ष्म विश्लेषण गरेर राख्नु भएको मन्तव्यका लागि सम्पूर्ण उपस्थित शेयरधनीहरुलाई हार्दिक आभार प्रकट गर्दछु । बैंकले नेपाल राष्ट्र बैंकको नीति नियम तथा निर्देशनको दायरा भित्र वसेर Prudentiality अप्नाएर कर्जा वापतको जोखिमको लागी ३७ करोडको नोक्सानी व्यवस्था गरेको छ । यदि त्यो गर्नु नपरेको भए हाम्रो नाफा ४१ करोड हुन्थ्यो । त्यहाँबाट २० प्रतिशत लाभांश बाड्न सक्ने अवस्था हुन्थ्यो । ३७ करोडको हाम्रो कर्जा नोक्सानी व्यवस्था बैंकको नोक्सान भने होइन । यो वर्ष हामीले शेयरधनीलाई बाँड्न सकेनौं । तर अर्को वर्ष कर्जा असुली गरेर खुद नाफामा जोडेर लाभांशको रुपमा शेयरधनीहरुले प्राप्त गर्नु हुनेछ ।

नेपाल राष्ट्र बैंकको चिठ्ठीमा उल्लेखित कृषि प्रेमुरा प्रपर्टिज प्रा.लि को सन्दर्भमा भन्नुपर्दा यो एउटा संगठित संस्था हो । उक्त ऋणीले नियमित रुपमा व्याज तिर्दा पनि एक जना व्यक्तिलाई मुद्दा चलाएकोमा Going Concern भन्ने कम्पनी कानूनको प्रावधानलाई विर्सिएर कम्पनीको कर्जालाई सत प्रतिशत Provision गर्न निर्देशन आएको छ । यसको बावजुतपनि हामिले नेपाल राष्ट्र बैंकको निर्देशनलाई पालना गर्दैनौ भन्ने अवस्था भने छैन । Provision राखेर जानु हाम्रो वाध्यता थियो । लाभांश दिनुभन्दा पहिला कृषि प्रेमुरा प्रपर्टिज प्रा.लि को धितो स्वरुप रहेको जग्गालाई बेच्नुपर्ने निर्देशन आएपनि हामीले राष्ट्र बैंकमा अनुरोध गरेर चैत मसान्तसम्मको छुट पाएका छौ । यसका लागि हामीले नेपाल राष्ट्र बैंकको निर्देशन पालना गर्दै खराव ऋणीहरुको कर्जा असुली प्रक्रियामा निरन्तर लागेका छौं । अर्को आर्थिक वर्षमा हामी यो अवस्थामा रहने छैनौं ।

सगरमाथा टेलिभिजनको १२ करोड मूल्यांकन भएको धितो छ भने रु. ३ करोड मात्र कर्जा रहेको छ । त्यसैले यो कर्जा नउठ्ने अवस्था छैन । यस सम्बन्धमा समेत हामी आवश्यक पहल गरिरहेका छौं । बैंकको खुद ब्याज आम्दानी, संचालन मुनाफा बढेर गएको छ । खुद मुनाफा मात्र घटेको छ । यदि हामीले कर्जा नोक्सानी व्यवस्था गर्नु नपरेको भए खुद मुनाफा समेत वढ्ने थियो ।



अहिले नेपाल सरकार र नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तिय संस्थाहरु एक आपसमा गाभ्न/गाभिन प्रोत्साहन गर्ने नीति लिएको छ । सन्राईज बैंक समेत उपयुक्त कुनै स्वदेशी वा विदेशी बैंक/वित्तिय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने वा जोईण्ट भेन्चरमा जाने सम्बन्धमा छलफलको क्रममा रहेको छ ।

अन्तमाः बैंकको उन्नती प्रगतिको सम्बन्धमा महत्वपूर्ण सुझावहरु प्रदान गरिदिनु भएको र वार्षिक प्रतिवेदनमा भएका केही त्रुटिहरु देखाईदिनु भएकोमा शेयरधनीहरुलाई धन्यवाद दिदै शेयरधनीहरुले दिनु भएका सम्पूर्ण सुझावहरुलाई बैंकले अध्ययन गरी क्रमसः लागु गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछु ।

## १०. सभाको निर्णय :

### (क) सामान्य प्रस्ताव तर्फ :

१. छलफलको लागि सभामा प्रस्तुत प्रस्ताव नं. १ बमोजिम अध्यक्षज्यूको मन्तव्य सहितको आर्थिक बर्ष २०६७/६८ को संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०६८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.ब. २०६७/६८ को नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचिहरुलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. प्रस्ताव नं. २ बमोजिम संस्थापक शेयरधनी समूह (क) को उपसमूह (१) अन्तर्गत रिक्त सञ्चालक पदमा नियुक्त हुनु भएका सञ्चालक श्री मालचन्द दुगडको नियुक्ती बाँकी कार्यकाल सम्मका लागि अनुमोदन गरियोस भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४. प्रस्ताव नं. ४ बमोजिम आर्थिक बर्ष २०६८/६९ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक सम्बन्धमा लेखापरिक्षण समितिले कम्पनी ऐनको दफा १६५(घ) बमोजिम लेखापरीक्षकको रुपमा नियुक्त हुन योग्य एम. खनाल एण्ड कम्पनी, चाटर्ड एकाउन्टेन्टस्लाई नियुक्तीका लागि सिफारिश गरेको र निजलाई आर्थिक बर्ष २०६८/६९ का लागि कूल पारिश्रमिक अघिल्लो आर्थिक बर्षको पारिश्रमिकमा १०% ले बृद्धि गरि रु. ३,२६,७००।- (तीन लाख छब्बीस हजार सातसय रुपैयाँ, कर वाहेक) सिफारिस गरेको हुनाले सो सिफारिस साधारण सभाबाट स्वीकृतीका लागि सभापतिको अनुमतिले लेखापरिक्षण समितिका अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव उपर सभामा विस्तृत छलफल भई सर्वसम्मतिले पारित गरियो ।

५. प्रस्ताव नं. ३ बमोजिम संचालक समितिले सिफारिस गरेको २०६८ आषाढ मसान्तमा समाप्त भएको आर्थिक बर्षमा संचित नाफाबाट सोही मितिको चुक्ता पूजीको ४% अर्थात रु. ८,०६,००,०००/- नगद लाभांश वितरण गर्ने प्रस्तावलाई स्वीकृती प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

## (ख) विशेष प्रस्ताव तर्फ :

१. बैंकले अन्य स्वदेशी वा विदेशी बैंक तथा वित्तिय संस्थालाई/संग मर्ज गर्ने/गराउने (गाभ्ने/गाभिने) वा संयुक्त लगानी (ज्वाईण्ट भेञ्चर) मा जाने सम्बन्धमा सञ्चालक समितिलाई सम्पूर्ण अधिकार प्रदान गर्ने सम्बन्धी विशेष प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो । यसरी मर्ज गर्ने/गराउने वा संयुक्त लगानी (ज्वाईण्ट भेञ्चर) मा जाने सम्बन्धमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०६३, नेपाल राष्ट्र बैंकद्धारा जारि नियम/विनियम तथा अन्य प्रचलित नेपाल कानून बमोजिम आवश्यक्ता अनुसार मर्जर समिति गठन गर्ने, बैंकको चल अचल सम्पति/दायित्व तथा कारोबारको मूल्याङ्कन गर्ने/गराउने लगायतका सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

(ग) विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

सभाको अन्त्यमा अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको छलफलको सूचीमा परेको सम्पूर्ण विषयहरु सामान्य र विशेष प्रस्तावको रुपमा सभामा पेश भएको र सोमा छलफल भई प्रस्तुत प्रस्तावहरु सभाबाट पारित भएको घोषणा गर्नुभयो ।

साथै शेयरधनी महानुभावहरुले समय समयमा प्रदान गर्दै आउनु भएका सल्लाह सुझावले बैंकलाई नीति निर्धारण गर्न एवम् बैंकको कृयाकलापलाई नयाँ दिशा एवम् गति दिनमा महत्वपूर्ण मार्ग निर्देशन प्राप्त हुँदै आएको जानकारी गराउनु भयो । साथै, बैंकको भविष्य सुनिश्चित र उज्वल रहेको तथा आउने दिनहरुमा समेत शेयरधनीहरुलाई यथोचित प्रतिफल दिन बैंक सक्षम रहने कुरामा विश्वास व्यक्त गर्नुभयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्स्चेञ्ज प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाको उच्च प्रशंसा गर्दै आजको यो चौथो बार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

....................
टिका भट्टराई
कम्पनी सचिव

....................
मोतीलाल दुगड
अध्यक्ष/सभापति